# लिखु गाउँपालिका यसम, ओखलढुंगा

## कोशी प्रदेश

## स्थानीय राजपत्र

## लिखु गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः- ९ | संख्याः -१ | मितिः- २०८२/०२/१० |
|---|---|---|


## भाग-२

### अनुगमन समितिको कार्य सञ्चालन कार्यविधि, २०८२

**प्रमाणिकरण मितिः- २०८२/०२/०९**

**प्रस्तावनाः** गाउँपालिकाबाट सञ्चालन हुने विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा (४) खण्ड (ख) मा भएको व्यवस्था वमोजिम गरिने अनुगमन कार्यलाई व्यवस्थित र प्रभावकारी तुल्याउन वाञ्छनीय भएकोले,

गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ।

**परिच्छेद- १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गाउँपालिकाको अनुगमन समितिको कार्यसञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "अनुगमन" भन्नाले नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह उचित ढङ्गले भए नभएको वा अपेक्षित नतिजा हासिल भए, नभएको सम्बन्धमा यस कार्यविधि बमोजिम गरिने निरन्तर वा आवधिक रुपमा गरिने निगरानी, सूचना सङ्कलन, विश्लेषण तथा सुधारात्मक कार्य सम्दानु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले गाउँपालिकाबाट सञ्चालन हुने कार्यक्रम सम्झनु पर्छ र सो शब्दले गाउँपालिका क्षेत्रभित्र गैर सरकारी संस्था एबम् सामुदायिक संस्थाबाट सञ्चालित कार्यक्रम समेतलाई जनाउँछ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ङ) "नागरिक समाज" भन्नाले गाउँपालिका क्षेत्रभित्र नागरिक समाजको रुपमा दर्ता भएका वा नभएका नागरिक अधिकारका लागि कृयाशिल संस्था वा व्यक्ति सम्झनु पर्छ।

(च) "प्रतिवेदन" भन्नाले यस कार्यविधि बमोजिम तयार गरिने अनुगमनको नतिजा समावेश गरिएको दस्तावेज सम्झनु पर्छ ।

(छ) "योजना" भन्नाले गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माण कार्य सम्झनु पर्छ र सो शब्दले गाउँपालिका क्षेत्रभित्र गैर सरकारी संस्था एवम् सामुदायिक संस्थाबाट सञ्चालित विकास निर्माण कार्य समेतलाई जनाउँछ ।

(ज) "समिति" भन्नाले दफा ३ बमोजिमको समिति सम्झनु पर्छ ।

(झ) वडा स्तरीय अनुगमन समिति भन्नाले दफा ५ बमोजिमको समिति सम्झनुपर्छ ।

(ञ) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनु पर्छ ।

## परिच्छेद- २

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**३. अनुगमन समितिः** (१) योजना तथा कार्यक्रमको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी पृष्ठपोषण दिनका लागि देहाय बमोजिमको अनुगमन समिति रहनेछः-

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) प्रमुख, पूर्वाधार शाखा - सदस्य

(घ) सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

(ङ) प्रमुख, योजना शाखा - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार नागरिक समाजका प्रतिनिधि, सञ्चारकर्मी र सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिले आफ्नो कामलाई छिटोछरितो र प्रभावकारी बनाउन कार्यपालिकाबाट समितिमा प्रतिनिधित्व गर्ने सदस्य मध्येबाट संयोजक रहने गरी विषयगत रुपमा अनुगमन टोली गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकारः** (१) योजना तथा कार्यक्रमबाट अपेक्षा गरिएको नतिजा प्राप्तिका लागि सहजीकरण गर्ने अनुगमन समितिको प्रमुख जिम्मेवारी हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित कामका अतिरिक्त समितिका अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रम अनुगमनका लागि वार्षिक कार्यतालिका तयार गरी कार्यपालिकालाई जानकारी दिने,

(ख) कार्यतालिका अनुसार नियमित र आवश्यकता अनुसार आकस्मिक अनुगमन तथा निरीक्षण गर्ने,

(ग) अनुगमन कार्यलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार समितिका कृयाकलापहरुमा विज्ञ तथा जिल्ला समन्वय समितिका पदाधिकारीलाई संलग्न गराउने,

(घ) अनुगमनको क्रममा देखिएका विषयमा सुधारका लागि सम्बन्धित प्राविधिक तथा सम्बद्ध उपभोक्ता समिति, परामर्शदाता एवम् निर्माण व्यबसायीलाई निर्देशन दिने,

(ङ) योजना तथा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा देखा परेका विवाद वा समस्याहरुको समाधानका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(च) योजना तथा कार्यक्रमको अनुगमनको क्रममा कुनै हिनामिना, अनियमितता वा तोकिएको गुणस्तर र परिमाण नभएको व्यहोरा यकिन हुन आएमा आवश्यक कारबाहीको लागि रायसहित कार्यपालिकामा पेश गर्ने,

५. **वडास्तरीय अनुगमन समितिः** (१) वडास्तरमा सञ्चालन गरिने रु. ५ लाख भन्दा कम लागत अनुमान भएका योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनका लागि देहाय बमोजिमको वडास्तरीय अनुगमन समिति रहनेछः-

(क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक

(ख) वडा समितिको सदस्यहरु मध्येबाट वडा अध्यक्षबाट मनोनित १ जना सदस्य - सदस्य

(ग) वडा सचिव - सदस्य सचिव

(२) वडास्तरीय अनुगमन समितिले आवश्यकता अनुसार सम्बन्धित योजना हेर्ने प्राविधिक कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) वडास्तरीय अनुगमन समितिले अनुगमनको क्रममा देखिएका विषयका सम्बन्धमा समितिलाई नियमित रुपमा जानकारी गराउनु पर्नेछ।

## परिच्छेद ३

## अनुगमन सम्बन्धी व्यवस्था

६. **योजना तथा कार्यक्रमको वर्गीकरणः** (१) अनुगमनका लागि योजना तथा कार्यक्रमलाई विषयगत क्षेत्रका आधारमा देहाय वमोजिम वर्गीकरण गरिनेछः-

(क) पूर्वाधार विकास योजना,

(ख) चेतनामूलक, क्षमता अभिवृद्धि र सीप विकास सम्वन्धी कार्यक्रम,

(ग) स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रम।

(२) उपदफा (१) बमोजिम गरिएको वर्गीकरण एवम् योजना तथा कार्यक्रममा गरिने लगानी समेतका आधारमा समितिले अनुगमनको प्राथमिकता निर्धारण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम गरिने अनुगमनको लागि बेग्लाबेग्लै ढाँचा र विधिको प्रयोग गर्न सकिनेछ।

७. **अनुगमन गर्दा ध्यान दिनुपर्ने:** अनुगमन समितिले यस कार्यविधि बमोजिम योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्ने,

(ख) कामको तोकिएको परिमाण, लागत र गुणस्तर कायम गराउने,

(ग) योजना वा कार्यक्रमको डिजाइन वा कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्ने,

(घ) अनुगमन कार्यलाई पारदर्शी र सहभागितामूलक बनाई नागरिकमा गाउँपालिकाले गर्ने विकास निर्माण कार्यप्रति सकारात्मक भावनाको विकास गराउने।

८. **अनुगमन विधिः** (१) समितिले गाउँपालिकाबाट सञ्चालित एवम् गाउँपालिका क्षेत्रभित्र गैर सरकारी संस्थाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा समितिले देहायकामध्ये आवश्यकता अनुसार कुनै वा सबै विधिको प्रयोग गर्न सक्नेछः-

(क) कार्यान्वयनमा संलग्न व्यक्ति समूह वा निकायबाट नियमित प्रतिबेदन लिने,

(ख) स्थलगत अवलोकन गर्ने,

(ग) लाभान्वित वर्ग तथा सरोकारवालाहरुसँग छलफल गर्ने,

(घ) नागरिक समाजका संस्था तथा आमसञ्चारका माध्यम परिचालन गर्ने,

(ङ) सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई आयोजना गर्ने,

(च) योजनाको प्राविधिक परीक्षण गर्ने,

(छ) सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा समितिले उपयुक्त ठहर गरेका अन्य विधिहरु।

(३) उपदफा (२) मा उल्लिखित विधिका अतिरिक्त कुनै योजना वा कार्यक्रमको सम्बन्धमा अन्य तरिकाबाट पृष्ठपोषण, प्रतिकृया वा सुझाव प्राप्त भएको अवस्थामा समितिले त्यस्तो विषयको अभिलेख राखी तथ्यगत विश्लेषणको आधारमा आवश्यक कारवाही अघि बढाउन सक्नेछ।

९. **अनुगमन तालिका तयार गर्नुपर्नेः** (१) समितिले योजना कार्यान्वयन तालिका अनुरुप हुने गरी वार्षिक अनुगमन तालिका तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम तयार भएको तालिकालाई समितिबाट निर्णय गराई कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको तालिका उपर आवश्यक छलफल गरी कार्यपालिकाले आवश्यक पृष्ठपोषण दिन सक्नेछ।

(४) यस दफा बमोजिम तयार भएको अनुगमन तालिका सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी, आपूर्तिकर्ता, सम्वन्धित वडा समिति र सुपरीवेक्षणको लागि तोकिएको कर्मचारीलाई अग्रिम रुपमा उपलब्ध गराउनु पर्नेछ।

१०. **अनुगमन कार्यको लागि स्रोतको प्रबन्धः** (१) अनुगमन कार्यतालिका बमोजिम समितिको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको प्रबन्ध कार्यपालिकाले वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी गर्नुपर्नेछ।

(२) स्वीकृत वार्षिक बजेटका आधारमा कार्यतालिका वमोजिम अनुगमनको लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।

(३) अनुगमन कार्यमा संलग्न रहने समितिका पदाधिकारीलाई प्रतिदिन रु. १००० भत्ता प्रदान गरिनेछ। अनुगमन कार्यमा सहयोगी कर्मचारी वा सवारी चालक सहभागी गराउनु पर्ने भएमा सहयोगी कर्मचारी तथा सवारी चालकलाई रु. ५०० प्रतिदिन भत्ता प्रदान गरिनेछ। सहयोगी कर्मचारी तथा सवारी चालकलाई भत्ता उपलब्ध गराउँदा अधिकतम २ जनालाई मात्रै उपलब्ध गराइनेछ।

११. **पूर्वाधार विकास योजनाको अनुगमनः** (१) समितिले पूर्वाधार विकास सम्बन्धी योजनाको प्रकृति र आकार हेरी सम्भव भएसम्म निर्माण कार्य प्रारम्भ हुनुपूर्व, निर्माणाधीन अवस्था र निर्माण सम्पन्न भएपछि गरी तीन चरणमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्माण कार्य प्रारम्भ हुनु अघि गरिने अनुगमन देहायका विषयमा केन्द्रित रही अनुसूची १ को ढाँचामा गर्नु पर्नेछः

(क) योजनाको स्वीकृत लागत र लागत व्यहोर्ने स्रोत,

(ख) योजना कार्यान्वयन गरिने स्थान,

(ग) लाभग्राही समुदायका सरोकारका विषयहरु,

(घ) निर्माण गरिने संरचनाको किसिम, आकार वा परिमाण, डिजाइन, गुणस्तर,

(ङ) आवश्यक पर्ने निर्माण सामग्री तथा जनशक्तिको आपूर्ती स्रोत र सोको गुणस्तर,

(च) स्वीकृत लागत अनुमान तथा डिजाइनमा आउन सक्ने संभावित परिवर्तन तथा जोखिम।

(३) समितिले पूर्वाधार योजनाको निर्माणधीन अवस्थामा देहायका विषयमा केन्द्रित रही अनुसूची २ को ढाँचामा अनुगमन गर्नुपर्नेछः-

(क) योजना कार्यान्वयन तोकिएको गुणस्तर, लागत र समय अनुरुप भए नभएको,

(ख) योजना कार्यान्वयनमा देखिएका बाधा अवरोध,

(ग) सम्झौताका शर्तको पालना,

(घ) समितिले आवश्यक देखेका अन्य विषयहरु।

(४) उपदफा (३) बमोजिमको अनुगमन गर्दा त्यस्तो योजना वा कार्यक्रम कम्तीमा पचास प्रतिशत भन्दा बढी निर्माणकार्य सम्पन्न भैसकेको हुनु पर्नेछ।

(५) समितिले पूर्वाधार योजनाको निर्माण कार्य सम्पन्न भएपछि देहायका विषयमा केन्द्रित रही अनुसूची ३ बमोजिमको ढाँचामा अनुगमन गर्नुपर्नेछः-

(क) योजना स्वीकृत डिजाइन अनुसार सम्पन्न भए नभएको,

(ख) स्वीकृत लागत अनुमान अनुसार काम सम्पन्न भए नभएको,

(ग) निर्माण कार्यको गुणस्तर र समय,

(घ) डिजाइन वा लागतमा परिवर्तन भएको भए सोको औचित्य र स्वीकृतिको अवस्था,

(ङ) योजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए नभएको,

(च) योजनामा तोकिए बमोजिमको लागत सहभागिता र सम्झौताका शर्तको पालना भए नभएको,

(छ) योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपना।

(३) उपदफा (१) बमोजिम गरिने अनुगमन कार्यमा गाउँ कार्यपालिकाको पूर्वाधार समिति संयोजकलाई समेत सहभागी गराउनुपर्नेछ।

१२. **चेतनामूलक, क्षमता अभिवृद्धि र सीप विकास कार्यक्रमको अनुगमनः** समितिले चेतनामूलक, क्षमता अभिवृद्धि र सीप विकास सम्वन्धी कार्यक्रमको प्रगति अनुगमन गर्दा कार्यक्रम लागत, सहभागिता, समयावधि, सिकाइका विषयवस्तु र लाभग्राहीको पृष्ठपोषण जस्ता विषय समावेश गरी अनुसूची ४ बमोजिमको ढाँचामा अनुगमन गर्नु पर्नेछ।

१३. **स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रमको अनुगमनः** समितिले स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रमको प्रगति अनुगमन गर्दा लाभग्राही समूदायले गाउँपालिकाबाट प्राप्त ऋण वा अनुदानको मात्रा, प्रदान गरिएका यन्त्र औजार र उपकरण तथा प्राविधिक सहायताको प्रकृति, प्राप्त सहायताको उपयोगको अवस्था, लाभग्राहीको संख्या, सहभागीलाई उपलब्ध गराइएको सहयोगको पर्याप्तता जस्ता विषयमा केन्द्रित रही अनुसूची ५ बमोजिमको ढाँचामा अनुगमन गर्नु पर्नेछ।

१४. **अनुगमनको तयारीः** (१) सदस्य सचिवले समितिका पदाधिकारीलाई स्थलगत अनुगमनमा जानुअघि अनुगमन गरिने योजना तथा कार्यक्रम, जाने र फर्किने समय, भ्रमणको सवारी साधन लगायतका विषयमा जानकारी दिनु पर्नेछ।

(२) स्थलगत अनुगमन गर्दा समितिले योजना तथा कार्यक्रमसँग सम्बन्धित लागत अनुमान, सम्झौता जस्ता कागजातहरु तथा अनुमन स्थलको जानकारी लिने तस्वीर खिच्नको लागि क्यामेरा लगायतका साधनको समेत सुनिश्चितता गर्नु पर्नेछ ।

(३) सदस्य सचिवले अनुगमनको क्रममा योजना तथा कार्यक्रम कार्यान्वयनमा संलग्न उपभोक्ता समिति वा निर्माण व्यवसायी, लाभग्राही समुह र अनुगमनको लागि जिम्मेवारी तोकिएको कर्मचारीलाई अनुगमन स्थलमा उपस्थितिको लागि पूर्वसूचना गर्नु पर्नेछ ।

(४) समितिले स्थलगत अनुगमन गर्दा अध्यक्षलाई समेत अग्रिम जानकारी दिनु पर्नेछ ।

(५) समितिले स्थलगत अनुगमनको क्रममा गाउँ वा वडाको निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी रहेका उम्मेद्वार वा दलसँग आवद्ध व्यक्ति वा पदाधिकारीलाई समेत संलग्न गराई पृष्ठपोषण प्राप्त गर्न सक्नेछ ।

**परिच्छेद-४**

**प्रतिवेदन सम्बन्धी व्यवस्था**

१५. **अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेः** (१) समितिले अनुगमन सम्पन्न गरेपश्चात बैठक बसी छलफल गर्ने र सो छलफल तथा स्थलगत अनुगमनबाट सङ्कलन गरिएका सूचना तथा विवरण समेतका आधारमा अनुगमन प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अनुगमनको क्रममा सम्वन्धित योजना वा कार्यक्रमको अवस्था झल्किने गरी लिइएका तस्वीर समेत संलग्न गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिमको अनुगमन प्रतिवेदन सदस्य सचिवले तयार गर्नु पर्नेछ ।

(५) अनुगमन प्रतिवेदन बेगर समितिका पदाधिकारीलाई कुनै किसिमको भत्ता वा सुविधा उपलब्ध गराइने छैन।

(६) दफा ५ बमोजिम गठित वडा स्तरीय अनुगमन समितिले वडामा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन गरी अनुसूचि ६ बमोजिमको ढाँचामा चौमासिक प्रतिवेदन तयार गरी अनुगमन समितिमा पेश गर्नुपर्नेछ ।

(७) सञ्चालित आयोजना र कार्यक्रमको सम्बन्धमा अनुसूची ७ बमोजिमको ढाँचामा वडा अनुगमन समितिको प्रतिवेदन समेत संलग्न गरी चौमासिक रुपमा समग्र अनुगमन प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्ने,

(८) अनुगमन कार्यको वार्षिक प्रतिवेदन तयारी गरी आर्थिक वर्षको अन्तिममा कार्यपालिकामा पेश गर्ने,

१६. **अनुगमन प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयः** (१) अनुगमन समितिले दफा १६ बमोजिम तयार गरिने अनुगमन प्रतिवेदनमा देहायका विषयहरु समावेश गर्नु पर्नेछः-

(क) स्रोत साधनको प्राप्ति र प्रयोगका क्रममा स्वीकृत बजेट र समय तालिका अनुसार भए नभएको,

(ख) अपेक्षित प्रतिफलहरु समयमै र लागत प्रभावकारी रुपमा हासिल भए नभएको,

(ग) कार्यान्वयनकर्ताको कार्यदक्षता र तत्परता के कस्तो छ,

(घ) कार्यान्वयनमा के कस्ता समस्या र बाधा व्यबधानहरु देखिएका छन् र तिनको समाधानका निमित्त के कस्ता उपायहरु अवलम्बन गर्नु पर्छ।

(२) समितिले दफा ५ बमोजिम वडास्तरीय अनुगमन समितिले पेश गरेको प्रतिवेदनमा उल्लेख भएका विषयलाई समेत आफ्नो प्रतिवेदनमा समावेश गर्न सक्नेछ।

१७. **प्रतिवेदन उपरको कारवाहीः** (१) समितिले दफा १६ बमोजिम पेश गरेको प्रतिवेदन उपर कार्यपालिकाको वैठकमा कम्तीमा चौमासिक रुपमा छलफल गर्ने व्यबस्था मिलाउनु पर्नेछ।

(२) समितिको प्रतिवेदनको आधारमा कार्यपालिकाले योजना कार्यान्वयनमा देखिएका त्रुटीहरु सच्याउन तथा समय र गुणस्तर कायम गर्न उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता तथा सम्बद्ध कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकाबाट दिइएका निर्देशन पालना गर्नु सम्बन्धित पक्षको कर्तब्य हुनेछ।

१८. **भुक्तानी गर्दा ध्यान दिनुपर्नेः** (१) कार्यालयले योजना तथा ठेक्काको अन्तिम किस्ता भूक्तानी गर्दा अनुगमन समितिले पेश गरेको अनुसूची ३ बमोजिमको योजनाको निर्माण कार्य सम्पन्न भएपछिको अनुगमन प्रतिवेदन तथा अनुसूची ८ बमोजिमको फरफारकको सिफारिस पत्र संलग्न गर्नुपर्नेछ। वडास्तरीय योजनाको हकमा वडा स्तरीय अनुगमन समितिले पेश गरेको अनुसूची ८ बमोजिमको फरफारकको सिफारिस पत्र संलग्न गर्नुपर्नेछ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अनुगमन समितिका पदाधिकारीको कार्य व्यस्तताका कारण योजना सम्पन्न भएको १५ दिन भित्र पनि अनुगमन गरी फरफारक सिफारिस पेश नगरेमा गाउँपालिका अध्यक्ष स्वयंले वा प्रतिनिधि खटाई योजनाहरुको विशेष अनुगमन गरी फरफारकको सिफारिस गर्न बाधा पुगेको मानिने छैन।

१९. **अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः** समितिको वार्षिक प्रतिवेदन प्रत्येक वर्षको श्रावण महिनाभित्र कार्यालयको वेबसाइट र अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था मिलाउने।

## परिच्छेद - ५

## खारेजी तथा बचाउ

२०. **यो कार्यविधि बमोजिम भएको मानिने:** (१) यो कार्यविधि लागु हुन अगावै गठन भएको समिति र त्यसले गरेको कामकारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

२१. **संशोधन वा हेरफेरः** कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

२२. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची -१
## दफा ११ को उपदफा (२) बमोजिम
## पूर्वाधार विकास सम्बन्धी योजनाको कार्य प्रारम्भ हुनु पूर्व गरिने अनुगमन

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | अनुगमन गरिने योजनाको नाम | |
| २ | योजनास्थल/ठेगाना | |
| ३ | योजनाको स्वीकृत लागत अनुमान रु. | |
| ४ | सम्झौता रकम रु. | कुल सम्झौता रकम रु. .....<br>जनसहभागिता/लागत सहभागिताको रकम रु. ...... |
| ५ | बहुवर्षीय योजनाको हकमा | कुल लागतः........ चालु आ.व.को विनियोजन .......... |
| ६ | योजना सम्झौता मितिः | |
| ७ | योजना शुरु तथा सम्पन्न हुने मिति | शुरु हुने मितिः ........... सम्पन्न हुने मितिः ....... |
| ८ | लाभान्वित जनसंख्या | |
| ९ | कार्यान्वियन गर्ने निकायको नाम र सम्पर्क व्यक्ति र सम्पर्क नम्बर | |
| १० | निर्माण गरिने संरचनाको किसिम, आकार वा परिमाण | |
| ११ | संरचना निर्माण भए डिजाइन अनुसारको फाउण्डेशन भए नभएको | |
| १२ | आवश्यक पर्ने निर्माण सामग्री तथा जनशक्ति आपूर्तीको स्रोत र सोको गुणस्तर | |
| १३ | भौगोलिक एवं वातावरणीय जोखिम | |
| १४ | स्वीकृत लागत अनुमान तथा डिजाइनमा आउन सक्ने संभावित परिवर्तन तथा जोखिम | |
| १५ | लाभग्राही समुदायको सरोकारको विषय, धारणा र सुझाव | |
| १६ | संलग्न प्राविधिकको धारणा | |
| १७ | नागरिक समाज र राजनैतिक दलका प्रतिनिधिको धारणा | |
| १८ | समिति/अनुगमनकर्ताको टिप्पणी र सुझाव | |

नोटः

१. क्र.सं. ९ मा उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजना भए उपभोक्ता समितिको अध्यक्षको नाम र सम्पर्क नम्बर राख्ने, गैरसरकारी संस्था/सामुदायिक संस्थाबाट कार्यान्वयन भएको योजना भए सम्बन्धित संस्थाको तर्फबाट तोकिएको सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर र निर्माण व्यवसायीबाट कार्यान्वयनको भएको योजना भए सम्बन्धित निर्माण व्यवसायीको तर्फबाट तोकिएको सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर उल्लेख गर्ने ।

२. क्र.सं. १३ वातावरणीय मूल्याङ्कन गर्नुपर्ने योजना भए सो बमोजिम मूल्याङ्कन भए नभएको र योजनाबाट अन्य सिंचाई, खानेपानी, सडक जस्ता स्थानीय सार्वजनिक पूर्वाधार तथा निजी भौतिक पूर्वाधारमा क्षती पुग्न सक्ने अवस्था भए नभएको उल्लेख गर्ने ।

## अनुसूची -२
## दफा ११ को उपदफा (३) बमोजिम
## पूर्वाधार योजनाको निर्माणधीन अवस्थामा गरिने अनुगमन

अनुगमन गरेको मितिः ..........

१. योजनाको नामः ..........................

२. योजना निर्माणस्थलः ...................

३. योजना निर्माण शुरु मितिः .............. ४. योजना सम्पन्न हुनुपर्ने मितिः ................

५. भौतिक प्रगतिः ............... प्रतिशत ५. वित्तीय प्रगति ............... प्रतिशतः

६. सम्झौता रकमः ................. हालसम्म भुक्तानी रकमः .................. भुक्तानी बाँकी रकमः ...........

७. योजना कार्यान्वयन तोकिएको गुणस्तर, लागत र समय अनुरुपः (क) भएको (ख) नभएको

८. निर्माण कार्यको अवस्थाः

(क) निर्माणस्थलमा आवश्यक निर्माण सामग्रीको उपलब्धता भए नभएको

(ख) उपलब्ध निर्माण सामग्री तोकिएको गुणस्तर बमोजिम भए नभएको

(ग) गुणस्तर परीक्षण भए नभएको र भएको भए सोको नतिजा

(घ) आवश्यक जनशक्तिको पर्याप्तता भए नभएको

(ङ) मेशीनरी औजार र उपकरण व्यवस्थापनको अवस्था

९. योजना कार्यान्वयनमा देखिएका बाधा अवरोधः ................................

१०. योजना कार्यान्वयनमा सम्झौताका शर्तको पालनाः (क) भएको (ख) नभएको

(ग) नभएको भए पालना नभएको विषय र सोको कारणः .........................

११. कार्यान्वयन गर्ने निकायको आधिकारिक प्रतिनिधिको धारणा र प्रतिबद्धताः ...............

१२. स्थानीय उपभोक्ता/नागरिकहरुको धारणा वा प्रतिकृयाः .....................

१३. संलग्न प्राविधिकको धारणा र प्रतिबद्धताः ......................

१४. अघिल्लो अनुगमनको क्रममा दिइएका सुझाव कार्यान्वयनको अवस्थाः .......................

१५. समिति/अनुगमनकर्ताको टिप्पणी, सुझाव र निर्देशनः ..................................

**अनुगमन गर्ने पदाधिकारीहरु**

| | | |
|---|---|---|
| क. नामः ......................... | पदः ............... | दस्तखतः .............. |
| ख. नामः ...................... | पदः ............ | दस्तखतः .............. |
| ग. नामः ......................... | पदः ............... | दस्तखतः .............. |
| घ. नामः ...................... | पदः ............ | दस्तखतः .............. |
| ङ. नामः ......................... | पदः ............... | दस्तखतः .............. |

## अनुसूची -३
## दफा ११ को उपदफा (५) बमोजिम
## योजनाको निर्माण कार्य सम्पन्न भएपछिको अनुगमन प्रतिवेदन

अनुगमन गरेको मितिः

१. कार्यक्रम/आयोजनाको नामः ........................................................................................................

२. योजना निर्माणस्थलः वडा नं. ...... स्थानः ......................................................................................

३. योजना निर्माण शुरु मितिः .................................... ४. योजना सम्पन्न भएको मितिः ..................................

५. सम्झौता रकम रु. ................................... हालसम्मको भुक्तानी रु. ..........................................................

६. भौतिक प्रगतिः ............... प्रतिशत

७. योजना कार्यान्वयन तोकिएको गुणस्तर, लागत र समय अनुरुप सम्पन्नः भएको नभएको

८. योजना कार्यान्वयनमा गरिएका सम्झौताका शर्तको पालनाः भएको नभएको

९. उपभोक्ताहरुको लागत सहभागिताको अवस्थाः

१०. डिजाइन वा लागतमा परिवर्तन भएको भए सोको औचित्य र स्वीकृतिको अवस्थाः ..........................................

११. योजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए नभएकोः ............................................................

१२. योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपनाः..........................................................................

१३. सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षणः भएको नभएको

१४. उपभोक्ता समिति अन्तर्गत रहेको अनुगमन समितिको निर्णय तथा सुझावः .....................................................

१५. कार्यान्वयन गर्ने निकायको आधिकारिक प्रतिनिधिको धारणा र प्रतिबद्धताः ...................................................

१६. स्थानीय उपभोक्ता/नागरिकहरुको धारणा वा प्रतिकृयाः ...........................................................................

१७. अघिल्लो अनुगमनको क्रममा दिइएका सुझावको कार्यान्वयनको अवस्थाः..................................................

१८. संलग्न प्राविधिकको धारणा र प्रतिबद्धताः.........................................................................................

१९. समिति/अनुगमनकर्ताको टिप्पणी, सुझाव र निर्देशनः ..........................................................................

**<u>अनुगमन गर्ने पदाधिकारीहरु</u>**

| | | |
|---|---|---|
| क. नामः .......................... | पदः ............... | दस्तखतः .............. |
| ख. नामः ...................... | पदः ............ | दस्तखतः .............. |
| ग. नामः .......................... | पदः ............... | दस्तखतः .............. |
| घ. नामः ...................... | पदः ............ | दस्तखतः .............. |
| ङ. नामः ......................... | पदः ............... | दस्तखतः .............. |

## अनुसूची -४
## दफा १२ बमोजिम
## चेतनामूलक, क्षमता अभिवृद्धि र सीप विकास कार्यक्रमको अनुगमन

अनुगमन गरेको मितिः .......................

१. कार्यक्रमको नामः ................

२. कार्यक्रम सञ्चालन स्थानः वडा नं. ................ स्थानः ................

३. कार्यक्रम शुरु मितिः ........... सम्पन्न गर्नुपर्ने मितिः ..........................

४. कार्यक्रमको प्रकृतिः क. चेतनामूलक, ख. क्षमता अभिवृद्धि ग. सीप विकास

५. कार्यक्रमको कुल लागतः रु. ................ कार्यालयबाट उपलब्ध हुने रकम रु. .............

कार्यान्वयन गर्ने निकायको लागत सहभागिता रु ......

अन्य निकायबाट प्राप्त सहयोग रु................. लाभग्राहीको सहभागिताः रु .............. .

६. जम्मा लाभग्राही संख्याः

| महिला | पुरुष | जम्मा | दलित | जनजाति | ब्राम्हण/क्षेत्री | मधेशी | मुस्लिम/अल्पसंख्यक | अपाङ्गता भएको |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

७. लाभग्राहीहरुको नियमित उपस्थिती भए नभएको

८. कार्यक्रम कार्यान्वयनमा गरिएका सम्झौताका शर्तको पालनाः भएको नभएको

९. कार्यक्रमको खाका (लाभग्राही, कार्यान्वयन तरिका, समय र लागत) मा परिवर्तन भएको भए सोको औचित्य र स्वीकृतिको अवस्थाः ....................

१०. कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्थाः ........................

११. कार्यक्रममा तोकिएबमोजिमको लागत सहभागिता र सम्झौताका शर्तको पालना भए नभएको

१२. योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपना : .......................................

१३. लाभग्राही/नागरिकको धारणा वा प्रतिकृया :-..........................................................

१४. कार्यान्वयन गर्ने निकायको आधिकारिक प्रतिनिधिको धारणा र प्रतिबद्धताः ......................

१५. वडा समिति वा वडास्तरीय अनुगमन समितिको प्रतिकृया भएः ...................

१६. अनुगमनकर्ताको टिप्पणी, सुझाव र निर्देशनः ...................................

**<u>अनुगमन गर्ने पदाधिकारीहरु</u>**

क. नामः ......................... पदः ............... दस्तखतः ..............

ख. नामः ...................... पदः ............ दस्तखतः ..............

ग. नामः ......................... पदः ............... दस्तखतः ..............

घ. नामः ...................... पदः ............ दस्तखतः ..............

ङ. नामः ......................... पदः ............... दस्तखतः ..............

## अनुसूची -५

## दफा १३ बमोजिम

## स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रमको अनुगमन

१. कार्यक्रमको नामः ................

२. कार्यक्रम सञ्चालन स्थानः वडा नं. ................ स्थानः ................

३. कार्यक्रम शुरु मितिः ........... सम्पन्न गर्नुपर्ने मितिः ..........................

४. कार्यक्रमको प्रकृतिः क. स्वरोजगार तथा उत्पादनमूलक ख. उद्यमशीलता प्रबर्द्धन गर्ने

५. कार्यक्रमको कुल लागतः रु. ................ कार्यालयबाट उपलब्ध हुने रकम रु. .............

कार्यान्वयन गर्ने निकायको लागत सहभागिता रु ......

अन्य निकायबाट प्राप्त सहयोग रु................. लाभग्राहीको सहभागिताः रु .............. .

६. जम्मा लाभग्राही संख्या

| महिला | पुरुष | जम्मा | दलित | जनजाति | ब्राम्हण/क्षेत्री | मधेशी | मुस्लिम/ अल्पसंख्यक | अपाङ्गता भएको |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

७. कार्यालयबाट सामग्री उपलब्ध गराइएको भएमा

| सामग्रीको विवरण | परिमाण | उपयोगको अवस्था | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

८. कार्यक्रम कार्यान्वयनमा गरिएका सम्झौताका शर्तको पालना भए/नभएको

९. कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्थाः भए/नभएको

१०. कार्यक्रममा तोकिए बमोजिमको लागत सहभागिता र सम्झौताका शर्तको पालनाः भए/नभएको

११. योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपनाः ...................................................

१२. लाभग्राही/नागरिकको धारणा वा प्रतिकृया :-..........................................................

१३. कार्यान्वयन गर्ने निकायको आधिकारिक प्रतिनिधिको धारणा र प्रतिबद्धताः ......................

१४. वडा समिति वा वडास्तरीय अनुगमन समितिको प्रतिकृया भएः .....................................

१५. अनुगमनकर्ताको टिप्पणी, सुझाव र निर्देशनः ..................................

**अनुगमन गर्ने पदाधिकारीहरु**

क. नामः ......................... पदः ............... दस्तखतः ..............

ख. नामः ...................... पदः ............ दस्तखतः ..............

ग. नामः ......................... पदः ............... दस्तखतः ..............

घ. नामः ...................... पदः ............ दस्तखतः ..............

ङ. नामः ......................... पदः ............... दस्तखतः...............

**अनुसूची ६**

**दफा १५ (७) संग सम्वन्धित**

**वडा स्तरीय चौमासिक अनुगमन प्रतिवेदन**

**……….. नं वडा कार्यालय,**

**लिखु गाउँपालिका।**

वडास्तरीय अनुगमन समितिले चौमासिक रुपमा अनुगमन समितिमा बुझाउने प्रयोजनका लागि यस कार्यालयको मिति……………. गते देखि ………………गतेसम्म सञ्चालनमा रहेका देहाय बमोजिमका योजना तथा कार्यक्रमको स्थलगत अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन पेश गरियो। स्थलगत निरीक्षणबाट सम्बन्धित उपभोक्ता समितिलाई देहाय बमोजिमका सुझावहरु सहित सुधारका लागि आवश्यक निर्देशन दिइयो।

**देहायः**

आर्थिक वर्ष :-……………

| सि.नं. | आयोजनाको नाम र ठेगाना, | स्थलगत अनुगमन गरिएको मिति | उपभोक्ता समितिको कार्य प्रतिको सन्तुष्टि (प्रतिशतमा उल्लेख गर्ने), | दिइएका सुझावहरु, | थप निर्देशन र कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

**स्थलगत निरीक्षण गर्नेः**

संयोजकः

सदस्य

सदस्यः

सदस्यः

सदस्य सचिव :

**अनुसूची ७**
**दफा १५(७) संग सम्बन्धित**
**चौमासिक अनुगमन प्रतिवेदन कार्यपालिकामा पेश गर्ने प्रयोजनको लागि**

श्रीमान् अध्यक्षज्यू
गाँउ कार्यपालिकाको कार्यालय,
लिखु गाँउपालिका,ओखलढुंगा

विषयः चौमासिक अनुगमन प्रतिवेदन सम्बन्धमा।

प्रस्तुत विषयमा चालू आ.व. .......... मा सञ्चालनमा रहेका देहाय बमोजिमका योजना तथा कार्यक्रमको स्थलगत अनुगमन तथा निरीक्षण गरी लिखु गाँउपालिकाको अनुगमन समितिको कार्य सञ्चालन कार्यविधि २०८२ को दफा १५ (७) बमोजिमको प्रतिवेदन पेश गरेको व्यहोरा अनुरोध छ।

**देहाय**

| सि.नं. | अनुगमन गरिएका आयोजनाको संख्या, | दिइएका सुझावहरुको सख्या | सुझाव तथा निर्देशन पालनाको अवस्था, | न्यायिक समितिमा सिफारिस गरिएका आयोजनाको संख्या, | समग्र प्रगती | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**सदस्य सचिव**
अनुगमन समिति

**संयोजक**
अनुगमन समिति
लिखु गाँउपालिका,ओखलढुंगा

**अनुसूची-८**

**दफा १८(१) संग सम्बन्धित**

**फरफारक सिफारिस पत्र**

मितिः......................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लिखु गाँउपालिका, ओखलढुंगा

विषयः फरफारकका लागी सिफारिस गरिएको बारे ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति............... गते देखि.................गतेसम्म आ.व. ......... मा सञ्चालनमा रहेका देहाय बमोजिमका योजना तथा कार्यक्रमको स्थलगत अनुगमन कार्यविधि बमोजिमको समितिको उपस्थितिमा सम्पन्न गरियो । स्थलगत निरीक्षण गर्दा निर्माण कार्य सन्तोषजनक पाइएकोले प्राविधिकको बिल बमोजिमको रकम सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायीलाई भुक्तानीका लागि अनुरोध छ ।

देहायः

| सि.नं. | आयोजनाको नाम र ठेगाना | सम्झौता मिति | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

संयोजक
अनुगमन समिति
लिखु गाँउपालिका,ओखलढुंगा

आज्ञाले
अर्जुन कुमार राउत
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८२/०२/१०